नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं:
च नं:

मिति २०७५।२।२२

## प्रेस विज्ञप्ति

नेपाल सरकारको "समृद्ध नेपाल र सुखी नेपाली" को अभियानलाई सार्थक बनाउने सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५।१।२६ मा **सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५** स्वीकृत भइसकेको छ । उक्त मार्गदर्शन सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ ।

राज्यको पुनर्संरचनासँगै सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्यको लागि विनियोजन भएको बजेटको ठूलो अंश स्थानीय तहबाट खर्च भइरहेको छ । स्थानीय तहको स्रोत परिचालनलाई मितव्ययी, पारदर्शी र उत्तरदायी बनाउन सके मात्र नागरिकको विकास प्रतिको आकांक्षालाई सहज सम्बोधन गरी लोकतन्त्रलाई संस्थागत गर्न सकिने हुन्छ ।

स्थानीय तहबाट हुने सार्वजनिक खर्चमा भइरहेको बृद्धिको तुलनामा सार्वजनिक वित्त व्यवस्थापन र आन्तरिक नियन्त्रणका उपायहरुलाई प्रभावकारी बनाउन नसक्दा सार्वजनिक स्रोतको दुरुपयोग बढ्न जाने खतरा रहन्छ ।यस विषयलाई मध्येनजर गरी नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ कार्यान्वयनको लागि सबै स्थानीय तहमा लेखी पठाउने भनी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निर्णय भएको छ । साथै उक्त मार्गदर्शन मन्त्रालयको वेभसाइट (www.mofald.gov.np)मा समेत राखिएको छ । उक्त मार्गदर्शन सबै स्थानीय तहहरुले कार्यान्वयनमा ल्याई सार्वजनिक खर्च र वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ ।

२०७५।२।२२

(सुरेश अधिकारी)
सह सचिव एवम् प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय